नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरवार, काठमाडौं
नेपाल

पत्र संख्याः-

## विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूको अध्यक्षतामा राष्ट्रिय समन्वय परिषद्को दोस्रो बैठक मिति २०८० माघ २४ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबारमा सम्पन्न भएको छ। संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १६ बमोजिम संघ, प्रदेश र स्थानीय तहको समन्वय तथा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित परिषद्को आजको बैठकमा गत असारमा सम्पन्न पहिलो बैठकले गरेका निर्णयहरुको कार्य प्रगतिका सम्बन्धमा समीक्षा गरिएको थियो ।

उक्त बैठकमा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री पूर्णबहादुर खड्काज्यू, माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री श्री नारायणकाजी श्रेष्ठज्यू, माननीय कानून, न्याय तथा संसदीय मामिलामन्त्री श्री धनराज गुरुङज्यू, सातवटै प्रदेशका माननीय मुख्यमन्त्रीज्यूहरु, नेपाल नगरपालिका संघ तथा गाउँपालिका राष्ट्रिय महासंघका नेपालका प्रतिनिधिज्यूहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू तथा संसदमा प्रमुख प्रतिपक्षी दलका प्रतिनिधिज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू तथा सचिवज्यूहरु एवम् प्रदेशका प्रमुख सचिवज्यूहरुको उपस्थिति रहेको थियो।

बैठकको अध्यक्षता गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले परिवर्तनको मुख्य संवाहक हुनुका नाताले आफू सङ्घीयताको कार्यान्वयनमा दृढताका साथ लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । वि.सं. २०७६ सालमा राष्ट्रिय समन्वय परिषद्सम्बन्धी कानुन बनेपनि पहिलो बैठक आफूले नै गत असारमा राखेको स्मरण गर्नुहुँदै उहाँले सङ्घ, प्रदेश र स्थानीय सरकारका काम कारबाहीमा समन्वय कायम गरी संविधानको प्रभावकारी कार्यान्वयनका लागि परिषद्को बैठक राखिएको बताउनुभयो । संविधान कार्यान्वयनमा सबैले चासो र चिन्तन गर्नुपर्नेमा जोड दिँनुहुँदै उहाँले सङ्घीय निजामती सेवा ऐन र प्रहरी समायोजनका लागि माननीय उपप्रधानमन्त्रीज्यूहरूलाई जिम्मेवारी नै तोकेर काम थालिएको बताउनुभयो ।

टेलिफोनः ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२१११०२, ४२११०६४
फ्याक्सः ४२११०६५, ४२११०८६, ४२११०३५, ४२११०२१, ४२११०४७, पो.ब.नं. २३३१२ काठमाडौं, नेपाल
इमेलः info@opmcm.gov.np
वेब साइटः http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरवार, काठमाडौं
नेपाल

पत्र संख्याः-

बैठकमा गत असार १६ गते सम्पन्न पहिलो बैठकका निर्णय कार्यान्वयनको समीक्षाका साथै कार्यविस्तृतीकरण परिमार्जन गर्ने, एउटै प्रकृतिका दोहोरो परेका संरचनाहरुको खारेजी र मिलान गर्ने, एकीकृत तथ्याङ्क प्रणाली स्थापना र सञ्चालन गर्ने, एउटै प्रकृतिको दोहोरो अनुदान हटाउने/व्यवस्थित गर्ने, विकास आयोजनामा रहेका दोहोरोपना हटाउने, साझा सूचीमा रहेका अधिकार क्षेत्रमा बन्न बाँकी कानुनको तर्जुमा गर्ने, दोहोरो कर अन्त्य गर्ने, जनशक्ति व्यवस्थापन, राष्ट्रिय समन्वय परिषद्को वार्षिक प्रतिवेदन स्वीकृत गर्ने लगायतका विषयमा छलफल भएको थियो।

बैठकले तहगत अधिकारमा प्रष्टता ल्याउनका लागि सुरु गरिएको कार्यविस्तृतीकरण परिमार्जनको प्रतिवेदनलाई सम्बन्धित सरोकारवाला निकायहरुको समेत सुझाव लिई अन्तिम रुप दिएर आगामी बैठकमा पेश गर्ने निर्णय गरेको छ।

मितिः २०८० साल माघ २४ गते

**नारायण प्रसाद भट्ट**
**प्रवक्ता**

टेलिफोनः ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२१११०२, ४२११०६४
फ्याक्सः ४२११०६५, ४२११०८६, ४२११०३५, ४२११०२१, ४२११०४७, पो.ब.नं. २३३१२ काठमाडौं, नेपाल
इमेलः info@opmcm.gov.np
वेब साइटः http://www.opmcm.gov.np